नेपाल सरकार

शिक्षा मन्त्रालय

# पाठ्यक्रम विकास केन्द्र

# परिचयात्मक पुस्तिका

२०६७




सानोठिमी, भक्तपुर, नेपाल

फोन नं. ६६३०५८८, ६६३४११९, फ्याक्स नं. ६६३०७९७

e-mail: cdc@ntc.net.np

## परिचय

पाठ्यक्रम विकास केन्द्र, शिक्षा मन्त्रालयअन्तर्गत विद्यालय शिक्षाको पाठ्यक्रम, पाठ्यपुस्तक, एवम् अन्य शैक्षणिक सामग्रीको व्यवस्था गरी शिक्षाको राष्ट्रिय उद्देश्य प्राप्तिमा ठोस सहयोग पुऱ्याउनका लागि स्थापित प्राज्ञिक केन्द्र हो । केन्द्रले विकास, निर्माण तथा परिमार्जन गरेका सामग्रीको प्रयोग र उपादेयताका सम्बन्धमा वार्षिक तथा आवधिक रूपमा छलफल, अन्तरक्रिया, प्रबोधीकरण जस्ता कार्यक्रम सञ्चालन गर्दै आएको छ । विद्यालय शिक्षालाई समसामयिक, व्यावहारिक र प्रतिस्पर्धी बनाउनका लागि केन्द्रले अनुसन्धानमूलक कार्यहरू पनि गर्ने गर्छ । सचेत र सबल नागरिक निर्माणका लागि आधारस्तम्भका रूपमा रहेको विद्यालय शिक्षामा विद्यार्थीको आवश्यकता तथा रुचिका बीचमा सामञ्जस्य कायम गरी शिक्षण सिकाइ क्रियाकलापलाई विद्यार्थीमुखी बनाउने दिशामा स्थापना काल वि. सं. २०२८ देखि नै पाठ्यक्रम विकास केन्द्र दृढसङ्कल्पित छ । यस केन्द्रको कार्यालय भक्तपुर जिल्लाको सानोठिमीमा छ ।

## केन्द्रको दृष्टिकोण

राष्ट्रप्रेमी, रोजगारमूलक, विद्यार्थीमुखी, व्यावहारिक, जीवनोपयोगी, व्यावसायिक, प्रतिस्पर्धात्मक र गुणात्मक विद्यालय शिक्षाका निम्ति पाठ्यक्रम, पाठ्यपुस्तकलगायतका अन्य सामग्रीहरू विकास गर्नुका साथै केन्द्रलाई प्राज्ञिक केन्द्रका रूपमा विकसित गर्नु पाठ्यक्रम विकास केन्द्रको दृष्टिकोण हो ।

## केन्द्रको उद्देश्य

- विद्यालय तहका पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास, निर्माण, परिमार्जन तथा सुधार गरी लागू गर्ने ।
- पाठ्यक्रम निर्देशिका, शिक्षक निर्देशिका, बालसन्दर्भसामग्री, शिक्षक स्रोत सामग्रीलगायतका शैक्षिक सामग्री विकास र प्रचारप्रसार गरी वितरण र लागू गर्ने ।
- थप पाठ्यसामग्री तथा सहयोग सामग्रीको अध्ययन, मूल्याङ्कन गरी लागू गर्न स्वीकृति प्रदान गर्ने ।
- विदेशी शैक्षिक वा प्राज्ञिक संस्थाबाट माध्यमिक शिक्षासरह परीक्षा उत्तीर्ण गरी प्राप्त गरेको प्रमाणपत्र वा उपाधिका सम्बन्धमा समकक्षता निर्धारणसम्बन्धी कार्य गर्ने ।
- सहकार्यकलापसम्बन्धी कार्यक्रमको विकास तथा निर्माण गरी कार्यान्वयन गर्ने/गराउने ।
- विद्यालय शिक्षासँग सम्बन्धित शैक्षिक विषयमा अध्ययन अनुसन्धान गर्ने/गराउने ।
- पाठ्यक्रम, पाठ्यपुस्तकसम्बन्धी नीतिनिर्माणमा सहयोग पुऱ्याउने ।
- केन्द्रलाई प्राज्ञिक केन्द्रको रूपमा विकास गर्ने योजना गर्ने र कार्यान्वयन गर्ने/गराउने ।
- स्वीकृत नीतिअनुसार स्वदेशी एवम् विदेशी शैक्षिक संस्थाहरूसँग सहयोग र समन्वय गर्ने ।
- पूर्वप्राथमिक, प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक शिक्षामा समन्वय र सामञ्जस्य कायम गर्न तहगत पाठ्यक्रममा आवश्यक व्यवस्था गर्ने ।
- पाठ्यक्रम तथा विद्यार्थी मूल्याङ्कनका विविध उपायहरू पहिल्याउने र कार्यान्वयन गर्ने/गराउने ।
- सम्बन्धित निकायहरूबाट यस केन्द्रका कार्यक्रमहरू कार्यान्वयन गर्ने/गराउने ।
- उपलब्ध भएसम्म नवीनतम ज्ञान, सीप र प्रविधिको उपयोग गर्ने/गराउने ।
- विद्यालय शिक्षाको रूपमा स्थानीय प्रविधिलाई उजागर र स्थानान्तरण गर्ने ।

## केन्द्रका मुख्यमुख्य कार्यहरू

- विद्यालय शिक्षाको पाठ्यक्रम निर्माण, परिमार्जन, परीक्षण र कार्यान्वयन गर्ने/गराउने ।
- पाठ्यक्रमसम्बद्ध सामग्रीको विकास, निर्माण, परिमार्जन, सुधार, परीक्षण र कार्यान्वयन गर्ने/गराउने ।
- स्वीकृत थप पाठ्यसामग्रीको सूची निर्माण गरी सार्वजनिक गर्ने ।
- विद्यालय तहमा सहकार्यकलाप/अतिरिक्त कार्यकलाप सञ्चालनसम्बन्धी आवश्यक व्यवस्था मिलाउने ।
- राष्ट्रिय सांस्कृतिक कार्यक्रम सञ्चालनसम्बन्धी कार्य गर्ने/गराउने ।
- पाठ्यक्रम, पाठ्यपुस्तकबारे अध्ययन अनुसन्धान गर्ने/गराउने ।
- आवश्यकतानुसार सन्दर्भसामग्रीको विकास र वितरण गर्ने/गराउने ।
- राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को सचिवालयको कार्य गर्ने ।
- पाठ्यक्रम तथा पाठ्यक्रमसम्बद्ध सामग्रीहरूको प्रबोधीकरण गर्ने ।
- विदेशी शैक्षिक वा प्राज्ञिक संस्थाबाट माध्यमिक शिक्षासरह परीक्षा उत्तीर्ण गरी प्राप्त गरेका प्रमाणपत्र वा उपाधिका सम्बन्धमा समकक्षता निर्धारणसम्बन्धी कार्य गर्ने ।

- पाठ्यक्रम तथा विद्यार्थी मूल्याङ्कनसम्बन्धी कार्य गर्ने/गराउने ।
- विश्वव्यापी नवीनतम ज्ञान, सीप र प्रविधिको उपयोग गर्ने/गराउने ।
- स्थानीय ज्ञान, सीप र प्रविधिको उजागर र हस्तान्तरण गर्ने ।
- सिकाइउपलब्धिको मापदण्ड तयार गर्ने ।
- पाठ्यक्रमसम्बन्धी गतिविधिहरूमा निजी क्षेत्र, नागरिक समाज र स्थानीय निकायहरूसँग समन्वय गरी आवश्यक कार्यहरू गर्ने ।
- विषयगत प्राज्ञिक समूह तथा सम्बन्धित निकाय र व्यक्तिहरूबाट आवश्यकतानुसार पाठ्यक्रम र पाठ्यक्रमसम्बद्ध सामग्रीहरूका बारेमा पृष्ठपोषण लिने ।

## केन्द्रका वार्षिक कार्यक्रमहरू

- पाठ्यक्रम, पाठ्यपुस्तक निर्माण, सुधार तथा परिमार्जन कार्यमा निरन्तर कार्यशाला, गोष्ठी, तालिम, सेमिनार तथा सम्मेलन गर्ने ।
- पाठ्यक्रम, पाठ्यपुस्तक तथा प्रभावकारी शिक्षणका लागि अनुसन्धानात्मक कार्य, अध्ययन तथा स्थलगत निरीक्षण गर्ने ।
- शिक्षकहरूका लागि विषयगत शिक्षण निर्देशिका तयार गर्ने ।
- विद्यालयमा प्रयोग गर्न हुने थप पाठ्यसामग्रीको मूल्याङ्कन गरी सूची तयार गर्ने ।
- शिक्षा क्षेत्रका महत्त्वपूर्ण जानकारीमूलक लेखहरू सङ्कलन गरी शिक्षा पत्रिका प्रकाशन गर्ने ।
- विद्यालयस्तरमा जनसङ्ख्या शिक्षाको अवधारणा र यससँग सम्बन्धित सामग्री निर्माण र शिक्षक तालिम तथा गोष्ठीको आयोजना गर्ने ।
- विद्यालयहरूमा सहकार्यकलाप/अतिरिक्त कार्यकलाप सञ्चालन गर्न वार्षिक कार्यक्रम बनाई राष्ट्रिय, क्षेत्रीय, जिल्लास्तरीय खेलकुद तथा सांस्कृतिक कार्यक्रम आदि सञ्चालन गर्ने र सम्बन्धित शिक्षक प्रशिक्षकलाई तालिम दिने ।
- विदेशी शैक्षिक वा प्राज्ञिक संस्थाबाट माध्यमिक शिक्षासरह परीक्षा उत्तीर्ण गरी प्राप्त गरेका प्रमाणपत्र वा उपाधिका सम्बन्धमा समकक्षता निर्धारणसम्बन्धी कार्य गर्ने ।
- पाठ्यक्रम तथा पाठ्यपुस्तकका बारेमा समसामयिक सुधार गर्नका लागि आवश्यकतानुसार कार्यशाला तथा बैठक बसी अन्तरक्रिया गरेर निष्कर्ष निकाल्ने ।
- आगामी वर्षका लागि वार्षिक कार्ययोजना तथा कार्यक्रम तयार गर्ने ।

## केन्द्रको शाखागत संरचना र तिनका कार्यहरू

**(क) भाषा शिक्षा शाखा**

यस शाखाको मुख्य जिम्मेवारी भाषा शिक्षणसिकाइका लागि विद्यालय शिक्षाको पाठ्यक्रम, पाठ्यपुस्तकलगायतका शैक्षिणिक सामग्री विकास, निर्माण, परिमार्जन तथा सुधार गर्नु रहेको छ ।

**(ख) गणित, विज्ञान तथा व्यावसायिक शिक्षा शाखा**

यस शाखाको मुख्य जिम्मेवारी गणित, विज्ञान तथा विभिन्न व्यावसायिक विषयहरूको शिक्षणसिकाइका लागि विद्यालय शिक्षाको पाठ्यक्रम, पाठ्यपुस्तकलगायतका शैक्षणिक सामग्री विकास, निर्माण, परिमार्जन तथा सुधार गर्नु रहेको छ ।

**(ग) सामाजिक शिक्षा शाखा**

यस शाखाको मुख्य जिम्मेवारी सामाजिक शिक्षा/सामाजिक अध्ययन शिक्षणसिकाइका लागि विद्यालय शिक्षाको पाठ्यक्रम, पाठ्यपुस्तकलगायतका शैक्षणिक सामग्री विकास, निर्माण, परिमार्जन तथा सुधार गर्नु रहेको छ ।

**(घ) परीक्षण, मूल्याङ्कन र योजना तथा अनुसन्धान शाखा**

यस शाखाको मुख्य जिम्मेवारी पाठ्यक्रम, पाठ्यपुस्तक, पाठ्यसामग्री, सन्दर्भसामग्री आदिको मूल्याङ्कनका अतिरिक्त विद्यार्थी मूल्याङ्कन एवम् शिक्षणसिकाइ क्रियाकलापको मूल्याङ्कन र केन्द्रको आवधिक, वार्षिक योजना तथा कार्यक्रम तर्जुमा, सञ्चालित कार्यक्रमहरूको मूल्याङ्कनलगायत केन्द्रको कार्यविधिअनुसार प्रभावकारिता अभिवृद्धिका लागि अध्ययन, अनुसन्धान तथा अनुगमन गर्नु रहेको छ ।

**(ङ) सम्पादन तथा प्रकाशन शाखा**

यस शाखाको मुख्य जिम्मेवारी केन्द्रबाट विकास, निर्माण तथा परिमार्जन हुने सामग्रीहरूको भाषासम्पादन गर्नु, मुद्रणीय प्रति तयार गर्नु, मुद्रण गर्नु, वितरणको व्यवस्था गर्नु/गराउनु, पाठ्यक्रम, पाठ्यपुस्तकलगायतका शैक्षिक सामग्रीसम्बन्धी नीतिनियम निर्माण तथा कार्यान्वयन गर्नु/गराउनु रहेको छ ।

**(च) आर्थिक प्रशासन शाखा**

यस शाखाको मुख्य जिम्मेवारी केन्द्रको वार्षिक बजेट निर्माण, आम्दानी र खर्च तथा सोको लेखापरीक्षण, बेरुजुको अभिलेख तथा फछ्र्यौटलगायतका कार्यहरू व्यवस्थित गर्नु , गराउनु रहेको छ ।

**(छ) प्रशासन शाखा**

यस शाखाको मुख्य जिम्मेवारी केन्द्रको सुरक्षा, सरसफाइ, दैनिक प्रशासन, कर्मचारी प्रशासन, जिन्सी व्यवस्थापनलगायतका कार्य गर्नु रहेको छ ।

